# काठमाडौं महानगरपालिका

यें महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**शिक्षा विभाग**

**काठमाडौं प्लाजा, कमलादी, काठमाडौं**

**सूचना प्रकाशन मिति : २०८१/०३/१४** (नेपाल संवत् ११४४ तछलागा सप्तमी)

## कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

काठमाडौं महानगरपालिका भित्र सञ्चालित कक्षा ११ अध्यापन हुने संस्थागत शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ का लागि छात्रवृत्तिमा विद्यार्थी छनोट गर्न सञ्चालन हुने परीक्षाका लागि **मिति २०८० साल चैत्रमा सञ्चालित SEE परीक्षामा सहभागी भएका विद्यार्थीहरूले** मिति २०८१ आषाढ १५ गते बिहान १०:०० बजेदेखि मिति २०८१ आषाढ २९ गते शनिबार राति ११:५९ बजेसम्म महानगरपालिकाको वेबसाइट वा entrance.kathmandu.gov.np मार्फत अनलाइन आवेदन फाराम पेस (Online Application Form Submission) गर्न सूचना आह्वान गरिएको छ।

### १. छात्रवृत्ति परीक्षा सञ्चालन हुने कार्यक्रमहरुको विवरण

| विषय | परीक्षा हुने मिति |
|---|---|
| Science/Management/ Humanities/ Education/ Law | मिति २०८१ श्रावण ४ गते शुक्रबार बिहानको ०८:०० बजेदेखि बिहान १०:०० बजेसम्म |

उल्लिखित सबै कार्यक्रमको पूर्णाङ्क १०० र परीक्षा समयावधि दुई घण्टाको हुनेछ। उम्मेदवारले एकभन्दा बढी शैक्षिक विषयमा आवेदन फाराम पेस गर्न पाउने छैन।

### २. अनलाइन आवेदन फाराम पेस गर्ने समय र शुल्क

फाराम पेस गर्ने अन्तिम मिति : मिति २०८१ असार २९ गते राती ११:५९ बजेसम्म

आवेदन शुल्क : निशुल्क

नोट :- अनलाइन फाराम पेस (submit) गर्नुअघि सच्याउने (edit) तथा पूनरावलोकन (preview) गर्ने प्रावधान राखिएको छ । फाराम पेस (submit) गरी confirmation प्राप्त गरिसकेपछि महानगरपालिकाबाट सच्याउन वा थप गर्न इमेल (examdoe@kathmandu.gov.np) मार्फत अनुरोध गरेमा मात्र फाराम सच्याउन वा विवरण थप गर्न सकिने छ ।

## ३. विभिन्न कार्यक्रममा आवेदन दिन आवश्यक न्यूनतम योग्यता

क. SEE मा न्यूनतम १.६ GPA ल्याई पूरा गरेको

ख. सामुदायिक विद्यालयबाट अध्ययन गरी SEE पूरा गरेको

ग. काठमाडौं महानगरपालिकाको स्थायी बासिन्दाको हकमा जन्मदर्ता वा नागरिकता वा बसाईसराईको प्रमाणपत्र

घ. ल्याण्डफिल्ड साइडबाट प्रत्यक्ष प्रभावित क्षेत्र नुवाकोट जिल्ला ककनी गाउँपालिकाको वडा नं १,२,३ र धादिङ जिल्लाको धुनिवेशी नगरपालिका वडा नम्बर १,३,४ का स्थायी बासिन्दा (नागरिकता वा जन्मदर्ता) र सम्बन्धित वडाको सिफारिसपत्र

ङ. संस्थागत विद्यालयमा कक्षा १० सम्म छात्रवृत्तिमा अध्ययन गरेको

## ४. प्रवेश परीक्षाको पाठ्यक्रम र उत्तीर्णाङ्क सम्बन्धी व्यवस्था

(१) सबै प्रश्नहरु बहुवैकल्पिक हुनेछन् ।

(२) कक्षा १० को पाठ्यक्रममा आधारित अनिवार्य गणित, विज्ञान, अंग्रेजी विषयबाट ३०/३० प्रश्न र सामान्य ज्ञानबाट १० प्रश्न सोधिनेछ ।

(३) छात्रवृत्ति परीक्षा उत्तीर्ण हुन न्यूनतम ४० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ।

(४) गलत उत्तरका लागि नेगेटिभ मार्किङ (negative marking) गरिने छैन ।

## ५. अनलाइन आवेदन फाराम पेस गर्ने विधि तथा निर्देशनहरू

क. अनलाइन फाराम यस महानगरको वेबसाइट www.kathmandu.gov.np वा entrance.kathmandu.gov.np मा उपलब्ध हुनेछ । सो आवेदन फाराम तोकिएको समयावधिभित्र अनलाइन माध्यमबाट मात्र पेस गर्न सकिनेछ।

ख. अनलाइन फाराम भर्दाका बखत नै आफुले अध्ययन गर्न चाहेको विषयअनुसार विद्यालयको प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ । सोहीबमोजिम योग्यताक्रम प्रकाशित हुनेछ ।

ग. अनलाइन फाराम भर्न चाहिने आवश्यक कागजात (फोटो)

- SEE प्रवेश पत्र
- पासपोर्ट साईजको फोटो
- नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाण पत्र
- SEE को चारित्रिक प्रमाण पत्र वा ट्रान्सफर प्रमाणपत्र वा विद्यालयको सिफारिसपत्र
- सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीका लागि अनुसूची १ बमोजिमको सिफारिसपत्र
- संस्थागत विद्यालयमा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीका लागि अनुसूची २ बमोजिमको सिफारिसपत्र

- तोकिएको आरक्षित समूहमा फाराम भर्नेको हकमा बुँदा नं. ७ (१) मा उल्लेख भएबमोजिमका प्रमाण पत्र
- काठमाडौं महानगरपालिकाको स्थायी बासिन्दा र ल्यान्डफिल्ड साइडका बासिन्दाको हकमा बुँदा नं ७ (२) मा उल्लेख भएबमोजिमका प्रमाण पत्र
- सिफारिसको ढाँचा यसै सूचनाको अन्तिममा संलग्न छ।

घ. पेस गरेका विवरणहरु झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरूको आवेदन फाराम रद्द गरिनुका साथै भर्ना भइसकेको भए पनि भर्ना समेत रद्द गरिनेछ।

ङ. अनलाइन फाराम भर्नका लागि SEE परीक्षाको विवरण भर्नुपर्नेछ र सो विवरण मिलेमा मात्र मुख्य फाराम खुल्नेछ ।

च. सम्बन्धित विवरण रुजु भएपछि अनलाइन फारामको मुख्य पेज खुल्नेछ। यो पेजमा आफूसँग सम्बन्धित विवरणहरू माग गरिएअनुसार भर्नुपर्नेछ ।

छ. आफ्ना सबै विवरणहरू भरि सकेर पुनरावलोकन (Preview) गरे पश्चात् अर्को पेजमा आफूले भरेको एकमुष्ट विवरण देखिनेछ । पुनः माथिबाट सम्पूर्ण विवरण सही भए/नभएको जाँच गरी सही नभएमा संशोधन बटन (edit button) मा क्लिक (click) गरी सच्याउन सकिनेछ। आफूले भरेको विवरण ठिक भएमा पेस गर्ने बटन (submit button) मा क्लिक (click) गर्ने । सो button क्लिक (click) गरे पश्चात सुनिश्चित गर्ने बक्स (confirmation box) आउँछ र फारम अनलाइन पेस (form submit) भएपश्चात कुनै पनि विवरण सच्याउन सकिने छैन ।

ज. फोटो तथा अन्य आवश्यक डकुमेन्ट मोबाइलले फोटो खिचेरसमेत अपलोड गर्न सकिने छ ।

झ. आवेदन फारम अनलाइन पेस (form submit) भएपश्चात सुनिश्चित गर्ने पृष्ठ (confirmation page) देखिनेछ जसलाई प्रिन्ट तथा डाउनलोड गर्न सकिनेछ ।
(Note: Confirmation Page भनेको Admit Card नभई Online Form भरेको प्रमाण मात्र हो यसका आधारमा मात्र छात्रवृत्ति परीक्षामा सहभागी हुन पाईने छैन।

ञ. विभागबाट फाराम रुजु यकिन भएपश्चात विवरण मिलेमा मात्र Final confirmation पठाइनेछ।

**६. छात्रवृत्तिमा छनोट सम्बन्धी व्यवस्थाः**

**छात्रवृत्ति परीक्षा सञ्चालनका लागि देहायको प्रतिशतका आधारमा छात्रवृत्ति सिट वितरण गरिनेछः-**

(१) संस्थागत विद्यालयले उपलब्ध गराउने कम्तिमा १० प्रतिशत छात्रवृत्तिलाई सतप्रतिशत मानी देहायबमोजिमका प्रतिशतमा छात्रवृत्ति उपलब्ध गराइने छ ।

(क) सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई ४० प्रतिशत

(ख) संस्थागत विद्यालयमा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीलाई ५ प्रतिशत

(ग) काठमाडौं महानगरपालिकाभित्र स्थायी बसोबास भएका सबै विद्यार्थीका लागि १४ प्रतिशत

(घ) ल्याण्डफिल्ड साइड प्रभावित क्षेत्रको सामुदायिक/संस्थागत विद्यालयमा अध्ययन गरेका हकमा १ प्रतिशत

(२) उपदफा (१) बमोजिम प्रतिशत निर्धारण गरी बाँकी रहेको ४० प्रतिशत सिटलाई शतप्रतिशत मानी सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीको हकमा लागू हुने गरी देहाय प्रतिशतका आधारमा आरक्षण छात्रवृत्ति सिट वितरण गरिनेछ:

| | | |
|---|---|---|
| (क) | छात्रा | ३३ प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | १५ प्रतिशत |
| (ग) | मधेशी | १२ प्रतिशत |
| (घ) | खस आर्य | १७ प्रतिशत |
| (ङ) | दलित | ९ प्रतिशत |
| (च) | मुस्लिम | २ प्रतिशत |
| (छ) | थारु | ४ प्रतिशत |
| (ज) | अपाङ्गता भएको व्यक्ति | २ प्रतिशत |
| (झ) | पिछडिएको क्षेत्रका व्यक्ति | ४ प्रतिशत |
| (ञ) | शहिद/वेपत्ता पारिएका नागरिकको परिवार/द्वन्दपिडित नागरिकको परिवार | २ प्रतिशत |

नोट: यस खण्डको प्रयोजनका लागि पिछडिएको क्षेत्रको व्यक्ति भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरिरहेको व्यक्तिलाई जनाउँछ ।

(३) आरक्षण क्षेत्रमा तोकिएबमोजिमको संख्या विद्यार्थी उपलब्ध नभएमा काठमाडौं महानगरवासीलाई प्राथमिकता दिइने छ भने सो संख्यासमेत उपलब्ध नभएमा स्वत: बुँदा नं १(क) मा जानेछ ।

(४) बैकल्पिक तथा परम्परागत, धार्मिक विद्यालयमा अध्ययन गरेको भए सामुदायिक विद्यालय सरह मानिनेछ।

## ७. सिफारिस पेश गर्नुपर्ने :

(१) आरक्षित समूहमा उम्मेदवार हुन चाहने व्यक्तिले आफू सो समूहमा पर्ने व्यहोरा प्रमाणित हुने गरी देहायका निकायबाट सिफारिस गराई आवेदन साथ पेश गर्नु पर्नेछ:-

(क) शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित समूहका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(ख) अपाङ्गता भएका व्यक्तिले स्थायी बसोबास भएको सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गताको परिचयपत्र,

(ग) दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम समुदायका व्यक्तिले स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालय वा सम्वन्धित आयोग वा प्रतिष्ठानबाट

(घ) पिछडिएको क्षेत्रका व्यक्तिले स्थायी बसोबास भएको सम्वन्धित स्थानीय तहबाट हाल बसोबास गरिरहेको व्यहोराको सिफारिस पत्र

(ङ) सामुदायिक विद्यालयमा अध्ययन गरेको व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा अध्ययन गरेको विद्यालय सामुदायिक भएको सम्बन्धित स्थानीय तह वा शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस पत्र

(च) पिछडिएको क्षेत्रका व्यक्तिले सम्बन्धित स्थानीय तहको सिफारिस पेश गर्दा दरखास्त दिंदाका बखत निज सोही स्थानमा स्थायी बसोबास गरेको भनी सम्बन्धित स्थानीय तहबाट प्रमाणित गरेको हुनु पर्नेछ र त्यस्तो व्यक्तिले सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकता वा जन्म दर्ताको प्रमाणपत्रसमेत पेश गर्नु पर्नेछ।

(२) क) काठमाडौं महानगरपालिकाभित्र स्थायी बसोबास भएका विद्यार्थीले नागरिकताको प्रमाणपत्र वा जन्मदर्ताको प्रमाणपत्र वा काठमाडौंमा बसाईसरी आएको प्रमाणपत्र

ख) ल्याण्डफिल्ड साइड प्रभावित क्षेत्रको विद्यार्थीका लागि सम्बन्धित वडाको सिफारिस पत्र

## ८. प्रवेशपत्र सम्बन्धी व्यवस्था :

छात्रवृत्ति परीक्षा हुने मितिभन्दा दुई दिन अघिदेखि प्रवेशपत्र प्रिन्ट गर्ने बटन (Print Admit card button) मा क्लिक (Click) गरी त्यहाँ माग गरिएको विवरणहरु भरी परीक्षार्थी स्वयम्ले प्रवेशपत्र प्रिन्ट गर्नुपर्नेछ । परीक्षा केन्द्रसम्बन्धी जानकारी प्रवेशपत्रमा उल्लेख हुनेछ ।

## ९. छात्रवृत्ति परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था :

क. परीक्षा केन्द्र काठमाडौं महानगरपालिकाले सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

ख. छात्रवृत्ति परीक्षा दिन आउँदा प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

ग. प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परिक्षार्थीहरू परीक्षा शुरु हुनुभन्दा कम्तीमा एकघण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्ने छ।

घ. परीक्षार्थीहरूले क्यालकुलेटर, मोबाइल फोन, ब्लूटुथ, आइप्याड, ट्याबलेट लगायत अन्य कुनैपनि विद्युतीय उपकरण तथा वालेट, पर्स तथा घडी (स्मार्ट वाच) समेत परीक्षा केन्द्रमा लैजान पाइने छैन ।

ङ. छात्रवृत्ति परीक्षा शुरु भएको १५ मिनेट पछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश दिइने छैन।

च. परीक्षाका लागि आवश्यक पर्ने कालो कलम (Black Gel Pen) विद्यार्थी स्वयम्ले ल्याउनु पर्नेछ। आफूलाई सही लागेको उत्तर OMR sheet को बबल भित्र पुरै पोत्नु पर्दछ।

छ. लेखिसकेको उत्तर सच्याउन तथा टिपेक्स जस्ता करेक्टेड मसिहरू प्रयोग गर्न पाइने छैन ।

ज. सिसाकलम प्रयोग गरेको, खुर्केको, केरमेट गरेको, च्यातिएको वा टिपेक्स लगाएका उत्तरहरूको कुनै अङ्क प्राप्त हुने छैन।

झ. परीक्षार्थी निर्धारित समय दुई घण्टा समाप्त भएपछि मात्र परीक्षा हलबाट बाहिर जान पाउनेछन्।

ञ. नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएमा वा दिन प्रयास गरेमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरी प्रचलित कानुनबमोजिम कारवाही गरिनेछ।

## १०. नतिजा प्रकाशन तथा भर्ना प्रक्रिया

क. छात्रवृत्ति परीक्षाको नतिजा विद्यार्थीले फाराम भर्दाकै समयमा रोजेको विषय र विद्यालयको प्राथमिकताका आधारमा योग्यताक्रमअनुसार विद्यार्थी भर्ना नतिजा सूची प्रकाशन गरिनेछ।

ख. विषयगत रुपमा विद्यालयमा भर्नाका लागि पूर्व मनोनयन गरिनेछ ।

ग. पूर्व मनोनयनमा आफुले अध्ययन गर्न चाहेको विषय तथा कलेजमा मनोनयन भएको आधारमा ३ दिन भित्र भर्ना भइसक्नु पर्नेछ । तोकिएको मिति भित्र भर्ना नभइ रिक्त रहेको सिटमा भर्ना नभएका विद्यार्थीहरूविच उनीहरूको योग्यताक्रमका आधारमा दोस्रो सूची प्रकासन गरिने छ । यस सूचीमा समेत रोजाई अनुसारको विषय र कलेजमा भर्ना हुन नसकेमा प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा रिक्त सिटमा र्यापअप कोटामा मनोनयनका लागि पुनः योग्यताक्रमका आधारमा रोजाइका लागि सूचना प्रकाशित गरी छनोट गरिनेछ ।

## ११. पुनर्योग र संशोधनसम्बन्धी व्यवस्था

क. काठमाडौं महानगरपालिकाबाट प्रकाशित भएको छात्रवृत्ति नतिजा अनुसार कायम योग्यता सूचीमा नाम समावेश नभएको वा नाम समावेश भएको तर योग्यता सूची उपर चित्त नबुझेका विद्यार्थीले अनुसूची ३ बमोजिमको फाराम भरी महानगरपालिकामा पुनर्योगका लागि स्वयम् उपस्थित भई निवेदन दिनुपर्नेछ ।

ख. पुनर्योगका लागि निवेदन परेका विद्यार्थीहरुको हकमा परीक्षा समितिले नतिजा रुजु गरी नतिजा संशोधन भएमा सूचना प्रकाशित हुनेछ ।

**प्राविधिक सहायताको लागि examdoe@kathmandu.gov.np मा इमेल गर्न सकिनेछ।**

शिक्षा विभाग
काठमाडौं महानगरपालिका

दफा ७ को उपदफा १(ङ) सँग सम्बन्धित

**अनुसूची -१**

**जो जस सँग सम्बन्धित छ**

**. ................... ................... .............. जिल्ला** ................................ गापा /नपा/उमन.पा/म.न.पा स्थायी ठेगाना भएका श्री .......................................... का छोरा/छोरी ............................... ले ..... .. .. .. .. ....................... सामुदायिक विद्यालय (EMIS Code No. ...........................................) मा कक्षा १० मा अध्ययन गरी एस.ई.ई. पुरा गरेको व्यहोरा प्रमाणित गर्दछु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| विद्यार्थीको नाम,थरः | प्रधानाध्यापकको नाम,थर |
| मितिः | मितिः |
| सम्पर्क नं : | सम्पर्क नं : |
| स्थायी ठेगाना : | विद्यालयको नाम : |
| | विद्यालयको छाप |

माथी उल्लेखित विद्यालय सामुदायिक विद्यालय भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा सम्बन्धित स्थानीय तहको शिक्षा प्रमुख

दस्तखत :

प्रमाणित गर्नेको नाम, थर :

पद :

स्थानीय तहको नाम :

मिति :

सम्पर्क नं :

कार्यालयको छाप :

संस्थागत विद्यालयमा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीका लागि मात्र

**अनुसूची -२**

मिति : २०    ।    ।

श्री शिक्षा विभाग,
काठमाडौं महानगरपालिका,
काठमाडौं ।

**विषयः सिफारिस गरिएको बारे।**

उपरोक्त सम्बन्धमा श्री ... ..... ..... ..... ....... को छोरा/छोरी .................... जिल्ला..... .................गापा /नपा /उमनपा/मनपा ... वडा बस्ने वर्ष... को श्री .................................ले .... ............................................ .. .. .. .. .. .... विद्यालय ................. मा छात्रवृत्तिमा अध्ययन गरी एस.ई.ई. पुरा गरेका विद्यार्थी भएको व्यहोरा सिफारिस गर्दछु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानूनबमोजिम सहुला बुझाउँला ।

सिफारिस गर्ने विद्यालयको
प्रधानाध्यापकको नामः
दस्तखतः
सम्पर्क नं :
विद्यालयको छापः

## अनुसूची -३

## पुनर्योग सम्बन्धी

मिति : २०    ।    ।

श्री संयोजकज्यू,
छात्रवृत्ति परीक्षा समिति,
काठमाडौं महानगरपालिका, काठमाडौं ।

**विषय : पुनर्योग सम्बन्धमा ।**

यस समितिबाट मिति .............. मा प्रकाशित ११ कक्षाको छात्रवृत्ति परीक्षाको नतिजा अनुसार कायम योग्यता सूचीमा मेरो नाम समावेश नभएको/समावेश भएको तर योग्यता सूची उपर चित्त नबुझेकाले पुनर्योग गर्ने प्रयोजनका लागि स्वयम् उपस्थित भई निम्नलिखित कागजात संलग्न राखी यो निवेदन गर्दछु ।

**संलग्न कागजातहरू**

(१) रु. १०००।- दस्तुर दाखिला गरेको सक्कल वैंक भौचर वा अन्य प्रमाण
(२) प्रवेशपत्रको फोटोकपी ।

**निवेदकको**

दस्तखत : ...................................
नाम, थर : .................................
छात्रवृत्ति परीक्षामा सहभागी कक्षाः ११
रोल नम्बर : ..............................
प्राप्ताङ्क : ...............................
सम्पर्क नम्बर : ...........................
मिति :....................................